नेपाल पत्रकार महासंघ
Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति, सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति : २०८१।१०।२९

# प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघ बझाङ शाखाको दोस्रो कार्यकालका लागि अध्यक्ष रहेका पत्रकार ललितबहादुर सिंहमाथि भएको सांघातिक आक्रमणप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।

पीडित पत्रकार सिंहका अनुसार यही माघ २८ गते सोमबार राति १०:०० बजेको समयमा जयपृथ्वी नगरपालिका-१० स्थित सदरमुकाम चैनपुरको देवीस्थान होटेलमा खाना खाएर कोठामा फर्कने क्रममा रहेका बेला आफूलाई मसस्टा गाउँपालिका-४ का विनोद कठायतलगायतका समुहले कुरा गर्नु छ भनी सोही होटेलको कोठामा बोलाएका थिए ।

भोलि कुरा गरौला भन्दा पनि जबर्जस्ती अपरहण शैलीमा कोठा लगेर चुकुल लगाइ आफूमाथि सो समुहले अन्धाधुन्ध चक्कु प्रहार र कुटपिट गरेका पीडित पत्रकारको भनाइ छ । चक्कु प्रहारबाट चोट लागेपछि पत्रकार सिंहको निधारमा तीन टाका लगाइएको छ । महासंघ पत्रकारको सिंहको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछ ।

जुनसुकै बहानामा भए पनि यो आक्रमणलाई महासंघले अत्यन्त निन्दनीय र प्रेस स्वतन्त्रतामाथिको जघन्य अपराधको रुपमा लिएको छ । पत्रकारलाई पेशाप्रति हतोत्साहित र त्रसित बनाउने यो घटनाको सत्यतथ्य छानबिन गरी दोषीमाथि कडा कानुनी कारबाहीका लागि महासंघ सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदछ । साथै, पत्रकारको सुरक्षामा गम्भीर हुन र यस्ता घटना नियन्त्रणमा कडा कदम चाल्न पनि माग गर्दछ ।

रामप्रसाद दाहाल
महासचिव